म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक १९१ | बिहीबार, ८ फागुन २०८१ | ने. सं. ११४५ सिल्लागा | 20 February 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रज्वल शिक्षा सदनले मनायो ३५ औ अभिभावक दिवस

हेटौंडा, ७ फागुन/हेटौडा ६ चौघडामा रहेको प्रज्वल शिक्षासदन इंग्लिस स्कूलले ३५ औं अभिभावक दिवस मनाएको छ । ६ नम्बर वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आथिथ्यतामा भएको अभिभावक दिवसमा विद्यार्थीले विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुति गरेका थिए । अभिभावक दिवसको अवसरमा विद्यालयले स्वस्थ्य खाजा पठाउने अभिभावक, समयमै शुल्क बुझाउने अभिभावक, बालबालिकालाई सफा बनाएर स्कुल पठाउने अभिभावकलाई सम्मान गरेको थियो । विद्यालयले विगत लामो समयदेखि प्रदान गर्दै आइरहेको उत्कृष्ट शिक्षक सम्मानबाट यसवर्ष लक्ष्मी तिमल्सिनालाई नगद ५ हजार सहित सम्मानित गरेको छ । कार्यक्रममा प्रिन्सीपल गणेशकुमार श्रेष्ठले वार्षिक प्रतिवेदन पेश गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शम्भु रिमालको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयलाई सहयोग पुऱ्याएको भन्दै राजदेव बानियाँ, श्याम बानियाँ र अजित थापालाई कदरपत्रद्वारा सम्मानित गरिएको थियो । सार्वजनिक शैक्षिक गुठीमार्फत सञ्चालनमा रहेको यो विद्यालयमा कक्षा ५ सम्म अध्यापन गराइन्छ ।

### प्रदेश प्रमुख र मुख्यमन्त्रीको शुभकामना सन्देश

# स्वार्थ त्यागेर देश निर्माणको अभियानमा दलहरु होमिनुपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले राष्ट्रिय एकता र स्वाभिमानलाई कायम राखी समृद्ध नेपाल निर्माणमा लाग्नुपर्ने बताएका छन् ।

बुधबार राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ को अवसरमा शुभकामना सन्देश दिँदै उनले आजको दिनले इतिहासको यो गौरवशाली समय बिन्दुलाई पुनर्ताजगी गर्दै राष्ट्रिय एकता र स्वाभिमानलाई कायम राखी समृद्ध नेपाल निर्माणमा लाग्नुपर्नेमा जोड दिए । फागुन ७ गतेको जगमा टेकेर आज नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा रहेको उनको भनाई छ ।



निरंकुशताविरुद्ध संगठित रुपमा नेपाली जनता आन्दोलनमा होमिएर जहाँनिया राणा शासनलाई परास्त गर्न सफल आजको दिन गौरवपूर्ण र सुनौलो बिहानी बोकेको दिन भएको प्रदेशप्रमुख देवकोटाको शुभकामना सन्देशमा उल्लेख गरिएको छ । आआफ्ना पार्टीगत स्वार्थलाई त्यागेर देश निर्माणको अभियानमा सम्पूर्ण राजनीतिक दलहरु होमिनुपर्ने आवश्यकता रहेको उनले सन्देशमार्फत् बताएका छन् । तर, दलहरुले भने जनभावना बिपरित कार्यमा बढी ध्यान केन्द्रित गरिरहेका छन् ।

दलहरु जुटेर नै राजनीतिक फड्को मारेकाले अब फेरि जुटेर मुलुकमा आर्थिक समृद्धि भित्राउनुपर्ने प्रदेशप्रमुख देवकोटाको भनाई छ । 'आआफ्ना पार्टीगत स्वार्थलाई त्यागेर देश निर्माणको अभियानमा सम्पूर्ण राजनीतिक दलहरु होमिनुपर्ने आवश्यकता छ । हामीले जुटेर नै राजनीतिक फड्को मारेका छौं अब फेरि जुटेर हामीले मुलुकमा आर्थिक समृद्धि भित्राउनु छ ।' उनको शुभकामना सन्देशमा भनिएको छ, 'फाल्गुन ७ को जगमा टेकेर आज नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा छ । आजको दिनले इतिहासको यो गौरवशाली समय बिन्दुलाई पुनर्ताजगी गर्दै राष्ट्रिय एकता र स्वाभिमानलाई कायम राखी समृद्ध नेपाल निर्माणमा लाग्न हामी सबैलाई प्रेरित गर्दछ ।'

प्रदेशप्रमुख देवकोटाले विश्वमा भएका द्रुतगतिका परिवर्तनको लहर र नेपाली जनताको अपेक्षालाई आत्मसात् गरेर अघि बढ्नुबाहेक अर्को कुनै विकल्प नभएको जिकिर गरे । स्वतन्त्र र समतामूलक समाज निर्माणमा अघि बढ्न आजको दिनले थप प्रेरणा र हौसला दिने विश्वास प्रदेशप्रमुख देवकोटाले जारी गरेको सन्देशमा उल्लेख गरिएको छ ।

यसैगरी मुख्यमन्त्री बहादुरसिंह लामाले संघर्ष र आन्दोलनहरुबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनको चरणमा रहेको बताएका छन् । मुख्यमन्त्री लामाले प्रजातन्त्रलाई संस्थागत गर्नका लागि संविधान सभाबाट लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भई कार्यान्वयनतर्फ अग्रसर रहेको जिकिर गरे । सोही अनुसार संघीयता कार्यान्वयन गर्दै गठन भएको बागमती प्रदेश सरकारले विकास निर्माण तथा आर्थिक समृद्धिको काम अघि बढाएको उनले बताए ।

'हामी विगत सात दशक यताका सबैखाले संघर्ष र आन्दोलनबाट प्राप्त उपलब्धिको रुपमा संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनको चरणमा छौं । यसको विकास, विस्तार र सुदृढीकरणको प्रक्रिया निरन्तर चलिरहेको छ' उनले सन्देशमा भनेका छन् ।

प्रदेशप्रमुख देवकोटा र मुख्यमन्त्री लामाको सन्देश ब्यवहारमा कार्यान्वयन हुन नसकेकोमा नागरिक स्तरमा चिन्ता बढेको छ । राजनीतिक दलको सत्तामोह र ब्यक्तिगत स्वार्थका कारण मुलुकमा अब केही गर्न सकिन्न भन्ने भाष्य खडा भएको अवस्था छ । युवा पलायन, विद्यार्थी पलायनले मुलुकको संकट गहिरिँदै गएको छ । प्रजातन्त्र वा लोकतन्त्र ल्याउनका लागि रगत र पसिना बगाउने युवाले स्वदेशमा कुनै सम्भावना देख्न छोडेका छन् ।

# एउटै मञ्चमा ९ जना स्रष्टा सम्मानित हुने

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ मातृभूमि साहित्य समाज मकवानपुरले एउटै मञ्चमा ९ जना स्रष्टालाई सम्मानित गर्ने भएको छ । समाजले फागुन २४ गते वार्षिक साधारणसभाको अवसरमा विभिन्न ७ वटा विधामा ९ जना स्रष्टालाई सम्मानित गर्न लागेको हो । समाजको कार्यसमितिको विशेष बैठकले पुरस्कार छनोट समितिको सिफारिसबमोजिम सम्मान तथा पुरस्कार प्राप्त गर्ने स्रष्टाबारे निर्णय समेत गरेको सचिव किशन पौडलले जानकारी दिए ।




नित्यगोविन्द स्मृति मातृभूमि संगीत पुरस्कार-२०८० गीतकार सुभाषचन्द्र ढुंगेललाई प्रदान गरिने भएको छे । पुरस्कारको राशि २० हजार रुपैयाँ रहेको छ । यो पुरस्कार वरिष्ठ समाजसेवी मुक्तिगोविन्द वैद्यले आफ्ना पिता संगीतकार नित्यगोविन्द वैद्यको स्मृतिमा स्थापित गरेका हुन् । १५ हजार राशीको श्याम श्रेष्ठ स्मृति मातृभूमि पुरस्कार-२०८० अनुवादक साहित्यकार डा.विष्णु भण्डारी (आसाम) लाई प्रदान गरिने भएको छ । यो पुरस्कार समाजसेवी/शिक्षाप्रेमी आशीष श्रेष्ठले आफ्ना स्वर्गीय पिता श्याम श्रेष्ठको स्मृतिमा स्थापना गरेका हुन् ।

समाजसेवी अर्चना शर्मा रिजालले आफ्ना पति शेखर शर्मा रिजालको स्मृतिमा स्थापना गरेको शेखर शर्मा रिजाल स्मृति मातृभूमि शैक्षिक पुरस्कार-२०८० असल पाखिन, बेबी खातुन र परीक्षा खतिवडालाई प्रदान गरिने भएको छ । पुरस्कार राशि प्रतिव्यक्ति १५ हजार रुपैयाँ रहेको छ । प्रत्येकवर्ष मकवानपुर जिल्लामा सामुदायिक विद्यालयतर्फ प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने एक छात्र र एक छात्रालाई यो पुरस्कार प्रदान गरिने सचिव पौडेलले जानकारी दिएका छन् ।

ईश्वरी स्मृति मातृभूमि सम्मान-२०८० काठमाडौंका साहित्यकार नरेन्द्रराज पौडेललाई प्रदान गरिने निर्णय भएको छ । १५ हजार राशीको यो पुरस्कार मातृभूमि साहित्य समाज मकवानपुरका विशिष्ट आजीवन उपासक तथा वर्तमान अध्यक्ष कृष्णप्रसाद दाहालले आफ्ना पिताको स्मृतिमा स्थापना गरेका हुन् । यो सम्मान विविधक्षेत्रमा उत्कृष्ट योगदान दिने व्यक्तित्वलाई २०७० सालदेखि प्रदान गर्दै आइरहेको छ ।

हातेमालो मातृभूमि युवा सृजनशील सम्मान-२०८० साहित्यकार दीपक गौतमलाई प्रदान गरिने भएको छ । पुरस्कार राशि १० हजार रुपैयाँ रहेको छ । २०६५ सालमा समाजले आफ्नै नाममा स्थापना गरेको यो सम्मान २०७२ सालदेखि हातेमालो बचत तथा ऋण सहकारी संस्था हेटौंडाले प्रायोजन गर्दै आइरहेको छ । मंगलादेवी स्मृति मातृभूमि बाल पुरस्कार-२०८० गायिका गृष्मा गहतराजलाई प्रदान गर्ने निर्णय भएको छ । पुरस्कार राशि ७ हजार ५ सय रुपैयाँ रहेको छ । यो पुरस्कार शिक्षासेवी देवप्रसाद श्रेष्ठले आफ्नो माता मंगलादेवी श्रेष्ठको स्मृतिमा २०७७ सालमा पुरस्कार स्थापना गरेका हुन् । प्रतिभाशाली बालबालिकालाई यो पुरस्कार प्रदान गरिन्छ ।

शारदा उप्रेती स्मृति मातृभूमि सम्मान-२०८० कलाकार ज्ञानरत्न लामालाई प्रदान गर्ने निर्णय भएको छ । पुरस्कार राशि १० हजार रुपैयाँ रहेको छ । यो पुरस्कार अधिवक्ता चुडाराज उप्रेतीले २०८० सालमा स्थापन गरेको सचिव पौडेलले जानकारी दिए । मातृभूमि साहित्य समाज मकवानपुर भाषा, कला, साहित्य र संगीतको संरक्षण गर्ने उद्देश्यले २०५६ सालमा स्थापित संस्था हो । समाजले विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वलाई हरेकवर्ष सम्मान गर्दै आएको छ ।

# भाइस डिस्ट्रिक्ट गभर्नर पदको लागि यादवको उम्मेदवारी घोषणा




साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एस नेपाल लायन वर्ष सन् २०२५/२६ का लागि सेकेन्ड भाइस डिस्ट्रिक्ट गभर्नर पदको लागि चार्टर प्रेसिडेन्ट लायन जेपी यादवले उम्मेदवारी घोषणा गरेका छन् ।

बुधबार पत्रकार सम्मेलन गर्दै उनले गभर्नर पदको लागि उम्मेदारी घोषणा गरेका हुन् । केवल पद प्राप्तगर्ने प्रयासको लागि मात्र नभई जिम्मेवारी पूरा गर्ने उद्देश्यले उम्मेदवारी घोषणा गरेको यादवले बताए । पत्रकार सम्मेलनमा उनले भावी कार्ययोजनासहित प्रतिबद्धतापत्र समेत सार्वजनिक गरेका छन् । डिस्ट्रिक्ट गभर्नरले अघि सारेको नारालाई आत्मसात् गर्दै कार्य गर्ने उनको प्रतिबद्धता छ ।

पत्रकार सम्मेलनमा यादवले नि:शुल्क स्वास्थ्यपरीक्षण गर्नेदेखि आर्थिक रुपमा कमजोर विद्यार्थीको लागि छात्रवृत्तिको कार्यक्रम सञ्चालन गरिने बताए । पर्यावरण संरक्षणको लागि फोहोर व्यवस्थापन सचेतना कार्यक्रमलाई अगाडि बढाउने उनको योजना छ । सडक बालबालिकाको लागि पुनर्स्थापनाको अभियान सञ्चालन गरिने उनले बताए ।

नेतृत्व तथा क्षमता विकास तालिमलाई थप प्रभावकारी बनाइने यादवको प्रतिबद्धता रहेको छ । महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गर्नेदेखि साइबर सुरक्षाबारे सचेतना कार्यक्रम सञ्चालन गर्नेसम्मको योजना यादवको प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ ।

# २५ लाख फाइलको २ वर्षभित्र विद्युतीय अभिलेख राखिसक्ने

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ बागमती प्रदेश सरकारले दुई वर्षभित्र सक्नेगरी यातायात कार्यालयका २५ लाख फाइलको विद्युतीय अभिलेख राख्न सुरु गरेको छ ।



भौतिकरुपमा रहेका ढड्डालाई विद्युतीय अभिलेख राख्न प्रदेश सरकारले सुरु गरेको हो । यातायात व्यवस्था कार्यालय, गुर्जुधाराका कार्यालयप्रमुख नेत्रप्रसाद भट्टराईले भौतिकरुपमा प्रवाह भइरहेको सेवालाई विस्थापन गरी अनलाइनबाट सेवाप्रवाह गर्ने उद्देश्यले काम सुरु गरेको बताए । उनले विद्युतीय अभिलेख सुरु भएसँगै भौतिकरुपमा रहेका अभिलेख हराउने, नष्ट हुने तथा सेवाग्राहीले लाइन लाग्नुपर्ने बाध्यताबाट मुक्ति मिल्ने बताए ।

प्रमुख भट्टराईले २५ लाखको संख्यामा रहेको यातायातको अभिलेख दुई वर्षभित्र डिजिटलाइजेसन गरि सक्ने गरी काम सुरु भएको समेत बताए । 'यो अहिले लगभग २५ लाखको हाराहारिमा बागमती प्रदेशका यातायात कार्यालयमा सवारीसाधनका अभिलेख छन् । यी अभिलेख अहिले नहुँदाखेरि अथवा यी अभिलेख भौतिक रुपमा रहँदाखेरि कतिपय अभिलेख नष्ट हुने, हराउने ढुसी लाग्ने जनताले हैरानी भोग्नुपर्ने अनि भौतिकरुपमा आएर सेवा लिँदा विचौलियाबाट ठगिन सक्ने, कार्यालयमा लाइनको हैरानीको जुन समस्याहरु छन् यसबाट मुक्ति दिनका लागि मन्त्रालयले डिजिटलाइजेसन गर्ने यो मुख्य कार्यक्रम भएको' बताए ।

'यो लगभग दुई वर्षभित्रमा सबै कामहरु सम्पन्न गर्ने भनिएको छ, यसैका लागि एक सय जना डेटा इन्ट्रीकर्ताहरुलाई प्रतिष्पर्धात्मक प्रणालीबाट नियुक्ति गरिएको छ' उनले भने । कार्यालय प्रमुख भट्टराईले भौतिक प्रमाण नष्ट भएका वा हराएका सवारी साधनको पनि सवारीधनीसँग भएको प्रमाणलाई आधार मानेर विद्युतीय अभिलेखन गरिने बताए । विद्युतीय अभिलेखनमा देखिने कतिपय समस्यालाई समाधान गर्न भौतिक निर्माण तथा यातायात मन्त्रालयले निर्णय गर्नुपर्ने उनको भनाई छ ।

कार्यालयप्रमुख भट्टराईले सचेतनाको कमीले कतिपय सवारी साधन घरघरमा थन्किएर रहेको तथा कतिपयको भौतिक अस्तित्व नै नभएको बताए । जबसम्म कर कार्यालयमा गएर लगतकट्टा र खारेज गरिँदैन तबसम्म करको दायित्व सवारी धनिकै हुने भएकाले सरकारी बाँकीसरह असुल गर्न सकिने उनको भनाई छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003

स्ट्रेन्ज पार्टनरः शिवम् सिमेन्ट

"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

शोभायात्राः
मिति :२०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2

दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१

फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म

स्थान : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू

☞निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
☞बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
☞सूचना प्रविधि प्रदर्शनी ।
☞कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
☞दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
☞शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
☞मनोरञ्जनात्मक बाल उद्यान ।
☞नविनतम उपकरणहरुको प्रदर्शनी ।
☞ नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# आर्थिक गतिविधि र सरकार

मंगलबारदेखि हेटौंडामा सुरु दोश्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव २०८१ लाई उद्घाटन गर्दै गृहमन्त्री रमेश लेखकले निजीक्षेत्रलाई पनि समाहित गर्दै देशमा लगानीमैत्री वातावरण निर्माण गर्ने र आर्थिक गतिबिधि चलायमान बनाउन सरकार लागि परेको बताएका छन् । गृहमन्त्री लेखकले भनेजस्तै आर्थिक गतिबिधि भने चलाएमान हुन सकेको छैन । कतिपय लगानीकर्ताले हिजोका दिनमा लिएको ऋण तिर्न सकेका छैनन् । नयाँ ब्यवसाय गर्नका लागि ऋण लिने युवाशक्ति सबै विदेशमा छन् । नेपालमा केही गर्न सकिन्न भन्ने भाष्य कायम गरिएको छ । ब्यवसाय गर्न दसतिर धाउँदा धाउँदै मनोवल गिरेको अवस्था छ । हाम्रो समाजमा उत्पादन गरेको भन्दा सस्तो मूल्यमा भारतीय वा चिनियाँ बजारबाट सामान आएकै छ । सरकारले स्वदेशी उत्पादनलाई प्रयोग गर्ने नीति बनाएपनि ब्यवहारमा लागू हुन सकेको छैन । हामीले लगाउने लुगा युरोपको, हामीले खाने दाल अष्ट्रेलियाको, चामल भारतको, फलफूल चिनको, हामीले प्रयोग गर्ने कागज मलेसियाको । स्वदेशी उत्पादन हामीसँग छैन ।

युवाले पठाएको रेमिट्यान्सले मुलुकको अर्थतन्त्र धानेको छ । हावादारी गफमात्र गर्ने सरकार छ । आर्थिक गतिबिधि चलायमान बनाउन गफले मात्र सम्भावना छैन भन्ने कुरा सबैले बुझेकै छ । निजीक्षेत्रलाई व्यावसायिक वातावरणको सुनिश्चित गर्नको लागि अध्यादेश ल्याइएको भन्दै सरकारी अधिकारीहरु उफ्रिरहेका छन् । उद्योगी, व्यवसायीको मागअनुसार नै अध्यादेश आएको सरकारी अधिकारीहरुको भनाई छ । संघीय संसद्बाट अध्यादेश स्वीकृति भएपछि आवश्यक नियमावली, कानुनहरु बनाएर व्यावसायिक वातावरणलाई सुनिश्चित रुपमा अगाडि बढाउने, समृद्धि र सुशासनको यात्रामा मुलुकलाई अगाडि बढाउन वर्तमान सत्ता समीकरण बनेको गृहमन्त्रीको भनाइ कति मननयोग्य छ ? संविधानको रक्षा गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई थप सुदृढ गर्नु सरकारको प्रमुख उद्देश्य रहेको उनको भनाई छ । वर्तमान सरकार गठन भएपश्चात् निर्माण व्यवसायीको भुक्तानी दिने प्रक्रिया सुरु भइरहेको बताइए पनि ब्यवसायीले भुक्तानी नपाएकै कारण चल्न नसक्ने भएका छन् । निर्माण व्यवसायीलाई आफ्नो काममा लगनशील भएर लाग्न आग्रह गर्दै ढिलै भएपनि बाँकी रहेको भुक्तानी दिन सरकार प्रतिबद्ध रहेको दाबी गृहमन्त्रीले गरेका छन् । निर्माण व्यवसायी माथि हुने अवाञ्छित गतिविधि रोक्न सरकारले सुरक्षाको प्रबन्ध गर्ने उनले उल्लेख गरे । गृहमन्त्री लेखकले निर्माण व्यवसायीले जिम्मा लिएको काम गुणस्तरीय र समयमै सम्पन्न गर्नुपर्नेमा जोड दिए । निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा हेटौंडा-१० स्थित टिसिएनचौरमा आयोजित महोत्सव फागुन १८ गतेसम्म चल्नेछ । महोत्सवमा निर्माणको क्षेत्रमा प्रयोगमा आएका अत्याधुनिक उपकरण र निर्माण सामग्रीको प्रदर्शनी तथा बिक्री गरिने मुख्य उद्देश्य रहेको निर्माण व्यवसायी संघले जानकारी दिएको छ ।

महोत्सव अवधिभर निर्माण उद्योग क्षेत्रमा रहेको समस्या, चुनौती, अवसरबारे छलफल, गोष्ठीलगायत अन्तर्क्रियात्मक कार्यक्रमसमेत हुने बताइएको छ । संघको अहिले रहेको भवन जीर्ण भएपछि नयाँ भवन बनाउने उद्देश्य लिएर संघले महोत्सवको आयोजना गरेको संघले जनाएको छ । निर्माण व्यवसायीले सम्पन्न भइसकेकाका कामको भुक्तानी समयमै नपाउँदा आफूहरु समस्यामा परेको ब्यवसायीले बताएका छन् । महोत्सवमा निर्माण व्यवसायी, दर्शक, उपभोक्ताका राय, सल्लाह, सुझावसमेत संकलन गरिने संघले जानकारी दिएको छ । यसअघि २०७१ सालमा पहिलोपटक महोत्सव गरेको संघले १० वर्षपछि दोस्रोपटक महोत्सव गरेको हो । महोत्सवबाट १ करोड भन्दा माथि आम्दानी हुने आंकलन गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन ९ गते शुक्रबार २१ फेब्रुअरी २०२५ । अष्ठमी, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:३८, सूर्यास्त ५:५८ । विश्व मातृभाषा दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानि |

# संघीय प्रजातान्त्रिक गणतन्त्र अभ्यासको सार्थकता



डा. सुमनकुमार रेग्मी

संघीय गणतान्त्रिक प्रजातन्त्रमा शान्तिपूर्णरुपमा क्रान्ति गर्न नागरिक अधिकारको सुनिश्चित गरिएको हुन्छ । प्रजातन्त्र र शान्तिपूर्ण संघर्ष एक-अर्काका पूरक हुन् । तर गणतान्त्रिक प्रजातन्त्रको व्याख्या र प्रयोग विभिन्न तरिकाले हुने गरेको छ । यसमा मलेसिया, लाइबेरिया, फिलिपिन्सको जस्तो व्यक्तिवादी प्रजातन्त्र, भारतमा जस्तो समूहगत प्रजातन्त्र, साम्यवादी देशमा गणतन्त्रात्मक प्रजातन्त्र, पाकिस्तान, इजिप्ट र अन्य देशमा जस्तो निर्देशित प्रजातन्त्र, साउदी अरेबिया, इथियोपियाजस्ता देशमा संलग्न प्रजातन्त्र, चीनमा जनतन्त्रात्मक गणतन्त्र जस्ता विविध नाममा प्रजातान्त्रिक अभ्यासको विभिन्न देशमा अनुशरण गरिँदै आएको छ ।

प्र्जातन्त्र र शान्तिपूर्ण संघर्षबीच घनिष्ट सम्बन्ध छ । प्रजातन्त्र राजनीतिक सत्ताप्रति जिम्मेवारी हुन्छ । किनभने जिम्मेवारी जनतामा निहित हुन्छ । प्रजातान्त्रिक आन्दोलन मानवीय स्वतन्त्रताको मुख्य आधार हो । यसैले गर्दा प्रजातान्त्रिक आन्दोलनको सिद्धान्त उदार प्रवृत्तिको हुन्छ । प्रजातान्त्रिक सिद्धान्तका प्रतिपादकहरु प्रजातन्त्रमा जनताको आन्दोलनमा अधिकारको संवैधानिक प्रत्याभूति हुन्छ भन्छन् । यसै अनुरुप प्रजातान्त्रिक सरकारको संवैधानिक ढाँचा तय गरिन्छ, जसद्वारा शन्तिपूर्ण माध्यमबाट आमूल परिवर्तनको आशा गरिन्छ । शान्तिपूर्ण आन्दोलनको निर्णय मूलभूतरुपमा हिंसा र तोडफोडभन्दा पनि आन्दोलनप्रतिको जनताको समर्थनले निर्धारित हुन्छ । यसरी गणतान्त्रिक प्रजातान्त्रिक व्यवस्थामा आमूल परिवर्तन हुने मान्यता रहँदै आएको छ । प्रजातान्त्रिक स्थायित्व र बल नै संविधानले प्रत्याभूत गरेको शान्तिपूर्ण क्रान्तिमा आधारित हुन्छ । आन्दोलनको विशेषताले यसको सफलता निर्धारण गर्छ । यसलाई नै बुद्धिपूर्ण कृत्य ठहऱ्याइन्छ ।

तथापि गणतान्त्रिक प्रजातन्त्रको स्वरुप मौलिक हुनुपर्छ । यसो हुन नसके वैदेशिक नमुना व्यर्थ बन्दछ । राजनीतिक अधिकारको भ्रष्टाचार आफैंमा निहित रहँदैन । यो यसको स्रोतमा रहन्छ । जनतामा निहित शक्तिमा अधारित प्रजातान्त्रिक राजनीतिक शक्ति भ्रष्ट त्यो बेला हुन्छ जब ती राजनीतिक शक्ति नै आफ्नो निजी स्वार्थमा लिप्त हुन्छन् । प्रजातन्त्रमा जनता राजनीति र क्रान्तिमा स्वतस्फूर्तरुपमा आउन र निस्कन पाउँछन् । गरिबी एसिया, अफ्रिका र ल्याटिन अमेरिकाको वास्तविकता हो । गरिबी निवारण गर्न प्रजातन्त्र आवश्यक छ । प्रजातन्त्रीकरण भन्नाले निजी धन पूरा समाजमा निहित गर्नु हो । सामूहिक मानवीय साधनका लागि सम्पत्ति नियम-ऐन जरुरी छ । मानवीय स्वतन्त्रता विस्तारको राजनीतिक उद्देश्य नै आध्यात्मिक र नैतिक अभ्यासमा जोडिएको छ । राष्ट्रका लागि होइन, मानवका लागि समाजलाई क्रान्तीकरण गर्नुपर्छ ।

समाजलाई बदल्न प्रजातान्त्रिक अभ्यास जरुरी छ । राष्ट्रियता, आधुनिकीकरण र प्रजातन्त्रलाई अनुशरण गरेर पश्चिम एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका केही देश अगाडि बढे । प्रजातान्त्रिक आन्दोलनका सिद्धान्त समाजलाई परिवर्तनतर्फ धकेल्ने हो । प्रजातान्त्रिक आन्दोलनपछि प्राप्त गरेको जनअधिकार प्रजातान्त्रिक अभ्यासको योग हो । सन् १९९० पछि, सन् २००६ पछि अनि संविधान २०७२ आएको ५ वर्षपछि पनि नेपालमा समाजका लागि बृहत् परिवर्तन जरुरी थियो । तर विगत ३३ वर्षमा पनि आमूल परिवर्तन देखा परेनन् ।

तसर्थ भविष्यको दिशाको कदमबारे जनवर्गमा नै प्रश्न राखिनु उचित ठानियो । सन् १९९० मा बहुदल पुनर्स्थापित र सन् २००६ मा गणतन्त्र स्थापित गरिए पनि प्रजातन्त्रको सच्चा बाटो भुलियो । झन् संघीय संविधान २०७२ पश्चात्का संघीय गणतन्त्रका अभ्यास अब समाज परिवर्तनका लागि आमूल दलबदल जरुरी थियो र अद्यापि छ । प्रजातन्त्रमा सामाजिक, आर्थिक, दार्शनिक, शैक्षिक र मानवीय जीवनको पक्ष समेटिनुपर्छ । प्रजातान्त्रिक खाकामा हरेक व्यक्तिले असल नागरिकको भूमिका निभाएको हुन्छ । प्रजातन्त्रको संरक्षणका लागि अज्ञानता र अन्धविश्वास हटाउनुपर्छ ।

यस्तो राजनीतिक ज्ञानबाट सम्भव छ । प्रजातान्त्रिक व्यक्तिले राजनीतिक शिक्षाको जिम्मेवारी लिनुपर्छ । नगरिकलाई राजनीतिक साक्षर बनाउन राष्ट्रले आवश्यक सहयोग गर्नुपर्छ । तर प्रजातन्त्रमा यस्तो सत्य रहँदैन, किनभने साधारण जनताको ज्ञान र विशेषताबाट यसले शक्ति आकर्षण गर्छ । जनता कमजोर भएमा संसद्मा जाने चुनावीबाट आएका सांसद कमजोर भई गठन गरिने सरकार कमजोर हुन्छ । यसकारण प्रजातान्त्रिक शक्तिका रुपमा रहेको सरकारले जनताको सांस्कृतिक विकास र राजनीतिक शिक्षामा ध्यान दिनुपर्छ । देशमा विगतमा स्थापित राष्ट्रिय पार्टीहरु राष्ट्रिय भलाइमा देखिएनन् ।

राष्ट्रिय समस्या समाधान गर्नमा पार्टीहरु एकजुट हुन गाह्रो भएको छ । राष्ट्रिय विकासका पक्षका प्रयासमा सबै पार्टीले सहमति जनाउन सकेनन् । प्रजातन्त्रमा धेरै पार्टीहरु भए पनि राष्ट्रप्रति चाख कम दिन सके । राष्ट्रको समन्वयमा योग्य नेतृत्व आवश्यक हुन्छ । किनभने योग्य नेताले राष्ट्रलाई डोऱ्याउन सक्छ । विगतमा सीपयुक्त राष्ट्रिय समाधान गर्न तल्लीन रहने नेता भेटिएनन् । फलस्वरुप देश संघीय गणतन्त्रमा गएको छ । संघीय गणतन्त्रमा पनि स्थानीय निकायहरु वित्तीय संघीयतामा कमजोर देखिएका छन् ।

राज्यद्वारा सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य केन्द्रीय सरकारले गर्न सम्भव नहुने भएकाले स्थानीय तहमा जे-जस्ता समस्या समाधान गर्न त्यहाँका जनतालाई संस्थागतरुपमा संगठित गराएर कार्य सम्पन्न गर्न शक्ति विकेन्द्रीकरण गर्ने चलन प्रत्येक प्रजातान्त्रिक तथा लोक कल्याणकारी राज्यमा रहेको पाइन्छ । तसर्थ नेपालमा संघीय गणतान्त्रिक व्यवस्था आए पनि सफलता प्राप्त गर्न कठिनाइ बन्दै छ । नेपालमा परापूर्वकालदेखि नै कुनै न कुनै रुपमा शासन परिपाटीलाई अंगालिएको छ । समग्रमा भन्ने हो भने लिच्छविकालमा पाञ्चाली गठन गरी स्थानीय स्तरमा केही अधिकार र जिम्मेवारी प्रदान गरिएको थियो । तसर्थ यसलाई पनि त्यस बेलाको विकेन्द्रीकरणको एउटा प्रयास मान्न सकिन्छ । वि.सं. १९७६ मा शहरमा शहरी क्षेत्रको गठन र वि.सं. १९८३ मा गाउँमा मान्यजन कचहरी स्थापना गरी विकेन्द्रीकरणको रुप लिने प्रयास गरिएको छ ।

वि.सं. २००४ को वैधानिक कानुनले विकेन्द्रीकरणको सैद्धान्तिक प्रयास गरेको थियो । तर यो कानुन लागू नभएकाले गठन प्रयास पनि ऐनसँग असफल हुन गयो । तसर्थ यसलाई केन्द्रीकरणको यात्रामा कम्तीमा पनि एउटा असफल प्रयास मान्न सकिन्छ । यसरी नै वि.सं. २००६ मा मान्यजन कचहरी संस्थालाई व्यवस्थित गर्ने विकेन्द्रीकरणको भावनालाई अगाडि बढाइयो । यसरी २०७२ सम्म आउँदा विकेन्द्रीकरणको असफल अभ्यास भयो । २०७२ को संविधानले संघीय गणतान्त्रिक व्यवस्थाको सूत्रपात भयो । २०७२ संविधानपछिको पहिलो आमचुनावका अवधि २०७९ साल आउँदा जनता निराश भएका थिए । जनताका आशा कार्यान्वयनमा नआउँदा हिमताल फुट्नेजस्ता समस्या आउन सक्छन् ।

लिच्छविकालमा पाञ्चाली व्यवस्थामा विभिन्न पालामा विभिन्न समयमा ठाउँ-ठाउँमा चौतारा निर्णय प्रणालीका शासनका व्यवस्था, राणकालमा मान्यजन कचहरीजस्ता संस्थाहरुका व्यवस्था आदिलाई लिन सकिन्छ । २००७ सालमा मुलुक राणा शासनबाट मुक्त भयो । त्यसपछि शान्ति-सुरक्षा कायम गर्ने र कर असुल गर्ने, पुरानो प्रशासनिक कार्यमा मात्र स्थानीय प्रशासनलाई सीमित राख्न परिवर्तित परिप्रेक्ष्यमा उपयुक्त नहुने भएकाले समाजको तल्लो तहको जनताको जीवनस्तर उठाउन वि.सं. २००९ मा विभिन्न जिल्लामा ग्राम विकासको नामले विकास कार्यक्रम शुरु गरी विकेन्द्रीकरणका लागि सार्थक प्रयास गरियो । तर २०१७ साल पौष १ गते देशमा बहुदलीय शासन प्रणाली अन्त्य गरी अप्रजातान्त्रिक निर्दलीय व्यवस्था लादियो ।

उक्त शासनकालमा पनि विकेन्द्रीकरण नीतीका सम्बन्धमा धेरै प्रयास भए तर सफल भएनन् । नेपालको संविधान २०१९ मा पनि देशको स्थानीय तहका समस्या समाधानार्थ परापूर्वकालदेखि पञ्च भलादमीको चौतारो बसी समाधान गर्ने चलन रहेको देखिन्छ । तर सबै-सबै अभिशाप भए । फलस्वरुप देशले प्रायोजित गणतन्त्र माग्यो । २०४७ सालको संविधानमा स्थानीय निर्वाचन भई तत्कालीन गा.वि.स. तथा नगरपालिका, महानगरपालिका नामकरण गरी स्थानीय तहको निर्वाचन प्रक्रियाबाट जनसंगठन बलियो र प्रजातान्त्रिक व्यवस्थाको सिद्धान्तको शुरुवात भयो । तर विकृति बढ्दै गए ।

२०४६ पछि जिल्लाको योजना कोर्न र कार्यान्वयन गर्ने जिम्मा जि.वि.स.को भएको र स्थानीय तहका चुनावले तल्लो चुनावी आधार बलियोजस्तो भान भएकाले जिल्लास्तरीय सरकार कार्यान्वयन गर्न सरल हुने भयो । २०४६ मा आएको राजनीतिक परिवर्तनपश्चात् २०४८ सालदेखि तीनवटा आमचुनावपछि जननिर्वाचित सरकार गठन भई आएको थियो । तर २०५९ साल असोज १८ पछि त संविधानसभा निर्वाचन भई नयाँ संविधान २०७२ आयो । २०६२/०६३ को आन्दोलनपछि संसद् पुनर्स्थापनापश्चात् पहिलो संविधानसभाको निर्वाचन भयो । पहिलो संविधानसभाको म्याद सकिएर दोस्रो निर्वाचन भयो र संविधान जारी भयो । अब देशमा जनअनुमोदित संविधान २०७२ निर्माण भएको धेरै अवधि बितेको छ । पछिल्लो निर्वाचित सांसदहरुको अवधि वि.सं. २०८४ सम्म रहेको छ । संघीय गणतन्त्रमा आधारित २०७२ को संविधानले नेपालमा हालसम्म नभएको विकेन्द्रीकरण व्यवहारमा उतार्दै छ या छैन, त्यो भने जनताको आँखामा छ । संघीय प्रजातान्त्रिक गणतन्त्र अभ्यासको सार्थकता नै गणतन्त्र कार्यान्वयनमा रहेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# भारदारी शैली, जनप्रिय कांग्रेस निर्माणको मुख्य चुनौती

सुदर्शन आचार्य

नेपाली कांग्रेसको सहारामा नेकपा एमालेले सरकार निर्माण गरेको छ । त्यो कारण कांग्रेस पनि आज सरकारमा छ । केन्द्रीय, प्रदेश तथा स्थानीय सरकारका अधिकांश ठाउँमा निर्वाचित हुन पुगेको कांग्रेस यतिबेला तीनै तहको सरकारको क्षमता वृद्धि गरेर '२०८४' को निर्वाचनमा 'मिसन-८४' भन्नेहरूलाई कामकै माध्यमबाट जवाफ दिनुपर्ने ठाउँमा छ । तर, यतिबेला ऊ आफैं सम्मिलित सरकार आफैंद्वारा हतारमा जारी अध्यादेश र त्यसबाट उत्पन्न तरंगको भुमरीमा पर्न पुगेको छ । कुनै मानेमा पनि ल्याइनै नहुने भूमि सम्बन्धी अध्यादेशका कारण सरकार अप्ठ्यारोमा त छँदैथियो, सामाजिक सञ्जालकै कारण सरकारले बदनामी व्यहोर्नु परेको छ ।

यो बुझाइका साथ 'सामाजिक सञ्जाल' लाई कडाइ गर्ने कानुन निर्माण गर्न खोज्दा 'न्युज पोर्टल' नै बन्द हुने खतरा देखा परेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीका बारे त 'फरक विचार राख्नेलाई के गर्छन्' जगजाहेर नै छ । तर, कांग्रेस पनि अभिव्यक्ति स्वतन्त्रताको विपक्षमा उभिन पुगेको भान हुँदा लोकतन्त्र र त्यसप्रतिको कांग्रेसको निष्ठाका बारे प्रश्न उठ्नु स्वाभाविक नै हो । कांग्रेस पार्टीको विधानमा निर्दिष्ट समय अनुसार उसले आफ्नो राष्ट्रिय महाधिवेशन सम्पन्न गर्छ वा 'बीपी कांग्रेस' नेपाली कांग्रेसमा विलय भयो भन्ने 'जाली तर्क' गरेर महाधिवेशन भेड्क्याउँछ, अहिले नै भनिहाल्न सकिने अवस्था छैन । तर, सुशासन, अध्यादेश, आजका मितिमा बहुमत प्राप्त सरकार प्रतिको जनअपेक्षा, संसद् अन्तर्गतको समितिमै अड्काइराखिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी विधेयक लगायत तमाम विषय भुलेर 'कांग्रेसका ११ भाइ' तपाईं पछि हामीमध्ये नेता को भन्दै देउवा निवासमा भारदारी सभामा पुगेछन् ! मानौं देउवाले 'तथास्तु' भन्नासाथ सभापति पद प्राप्त भइहाल्छ ! कांग्रेस सभापति शेरबहादुर देउवाले पनि जवाफ फर्काएछन्- सल्लाहमै हुन्छ यार, सल्लाहमै । ११ भाइ हल बाँधेर बूढानीलकण्ठ पुग्नुको मुख्य मकसद आफ्नो योग्यता र क्षमता देखाएर सभापति पद लडेर लिने भन्दा पनि देउवालाई खुशी बनाएर 'अध्यक्ष पद' हत्याउन सके हत्याउने नै हो ।

यदि हत्याउन नसके सभापति देउवासँग नजिक भएको भनिएका महामन्त्री गगनकुमार थापालाई देउवा क्याम्पबाट टाढा गराइछाड्ने ! यी मध्येको मकसद जे होला, सतहमै पोखिएको प्रश्न चाहिं के हो भने कांग्रेसका नेतालाई महाधिवेशनले छपक्कै छोपेछ ! महाधिवेशन भनेको कुनै पनि जीवन्त राजनीतिक दलको आन्तरिक जीवनमा आउने नियमित प्रक्रिया हो । अहम् प्रश्न त यतिबेला कांग्रेसको ध्यान 'महाधिवेशन केन्द्रित' हुनुपर्ने हो कि आफैं सम्मिलित तीनै तहका सरकारको क्षमता वृद्धि ? सँगै, पार्टीमा नेतृत्वको आकांक्षी हुने योग्यता भनेको 'संस्थापन' वा 'संस्थापन इतर' हुनु मात्र हो कि, पार्टीभित्र देखिएको बेमेललाई जोड्न सक्ने नेतृत्व ?

अर्को अहम् प्रश्न कांग्रेस पार्टीलाई 'ढाका टोपी' लगाउने केही वृद्धहरूको क्लबका रूपमा अड्याइराख्ने कि, देशका लाखौं युवामाझ पनि पार्टीलाई स्थापित गर्ने ? २०६२-६३ को जनआन्दोलन पश्चात् जन्मिएका 'बालक' अहिले 'वयस्क' भएर आफ्नो प्रतिनिधि आफैं छान्ने तहमा पुगिसके । तिनको भावनाको प्रतिनिधित्व बूढानीलकण्ठ दरबारमा जम्मा भएका 'भाइ-भारदार' बाट कति सम्भव होला ? यहाँ ११ भाइ र उहाँहरू भेट्न पुग्नुभएका नेता देउवा सहित '१२ भाइ' लाई कटाक्ष गर्न खोजिएको होइन । आ-आफ्नो कालखण्डमा मुलुकको व्यवस्था परिवर्तनमा उहाँहरूको योगदान अतुलनीय छ । तर, यसै खाले मानिस ५०औं वर्षसम्म पनि एउटै रफ्तारमा काम गर्नका निम्ति काबिल होला त ? प्रश्नको जवाफ '१२ भाइ' बाट आफ्नै कार्यकर्ताले खोजी प्रारम्भ गरिसकेका छन् भने भोलि महाधिवेशनको मैदानसम्म खोजिनै रहनेछन् । विरासतको गाथा गाएर मात्र हुने भए कांग्रेससँगैको 'प्रजापरिषद्' आज कहाँ छ ? राजतन्त्रको अन्त्यका निम्ति 'क्रान्ति' गरेको डाक्टर सन यात्सेनको 'कोमिङताङ' नामक पार्टीको चीनमा आज 'साइनबोर्ड' समेत छैन । जुन कुराको हेक्का 'नेतृत्व प्राप्तिका निम्ति दरबार धाउने' ११ भाइले बुझ्न र आफ्ना कार्यकर्तालाई चित्तबुझ्दो जवाफ दिन सक्नुपर्दछ ।

'विचार र उमेर' ले युवाको हातमा कांग्रेस पार्टी, सो पार्टीका कार्यकर्ताले लैजान सकेनन् भने पार्टी बन्ने भनेकै 'कोमिङताङ' नै हो । घरको तला नै पिच्छे आज बामपन्थी पार्टीका साइनबोर्ड छन्, उता कांग्रेस पार्टी एउटै छ । तर, पनि बामपन्थीको वेगलाई रोक्न सक्ने क्षमता आजको कांग्रेसले देखाउन सकेन ! केपी शर्मा ओलीले नेकपामा विभाजन नल्याइदिएको भए कांग्रेसको आकार आजको जत्रो हुनेथियो वा थिएन संशय नै छ । अर्कातिर निर्वाचन पूर्व गरिएको गठबन्धनका कारण पनि आकारमा कांग्रेस ठूलो बन्न पुग्यो । भोलि एक्लाएक्लै निर्वाचनमा जाँदा पनि पार्टीको आकार ठूलो बनाउने 'उच्च मनोबल' ७० कटेका नेतामा सम्भव नै छैन । यो प्रश्नको पनि जवाफ देशका सयकडौं कार्यकर्ताले नेतृत्वसामु भोलि खोज्ने छन् । काठमाडौंको चारभञ्ज्याङ बाहिर पनि नेपाल छ भन्ने हेक्का कांग्रेस नेतृत्वले राख्न सक्नुपर्दछ । देशै भरका तमाम नेता-कार्यकर्ता आज समयमै कांग्रेसको महाधिवेशन भएको र विचार र उमेरले युवाको हातमा पार्टी गएको हेर्न चाहन्छन् ।

सँगै, महाधिवेशनले आफ्नै सरकार बाट सरकारमा सामेल घटक, सरकार छाडेर गएको र आफ्नै नेतृत्वले संसद् नै विघटन गरेको विषय भोलिपल्टको सञ्चारमाध्यमबाट मात्र थाहा पाउने 'माननीय !' बाट वाक्कदिक्क छन् । कांग्रेसका देशैभरका तमाम नेता-कार्यकर्ता यतिबेला 'समयको वेग' बुझ्न सक्ने नेतृत्वको उत्कट अभिलाषा राखेर बसेका छन् । त्यति मात्र नभई देशैभरका तमाम कांग्रेसजन आफ्नै पार्टी सम्मिलित सरकारले समेत जनविरोधी काम गऱ्यो भने खबरदारी गर्ने नेताको खोजीमा छन् । विद्रोहको आवाज बोलेर 'सरकार र पार्टी' लाई सच्याउँदै आएका कांग्रेस नेता गगनकुमार थापाको मत्थर भएको बोलीका कारण पनि नेपालमै आफ्नो भविष्य देख्ने लाखौं युवा यतिबेला 'विलखबन्द' मा छन् । संभवत: 'गगन' यतिबेला कांग्रेसभित्र अभिभावकीय भूमिकामा रूपान्तरण गर्दै होलान् । तर, त्यो भूमिकाको 'स्केल' पनि 'समर्पणवादी' देखिने गरी चाहिं स्वाभाविक नहोला । यो कुरा स्वयम् नेता थापाले बुझ्न जरूरी छ ।

कांग्रेस नेता गिरिजाप्रसाद कोइरालाको 'राप र ताप' रहेकै समय पनि कोइरालाले के भन्छन् भनेर नहेरी सडकबाटै गणतन्त्रको नारा उरालेर देशलाई गणतन्त्रमा लैजान एक्लै मैदानमा उत्रिएकै कारण सडकबाट स्थापित नेता 'गगन' नेपाली राजनीतिका एउटा 'च्यालेन्ज' पनि हुन् । जसको सपनाबाट देशले कोल्टे फेर्नेछ र दैनिक सयौंको संख्यामा विदेशिनेहरूको पलायन रोकेर नेपालमै रोजगारी सिर्जना गर्ने अपेक्षा राखिएको छ । तर त्यसका निम्ति पार्टीको नेतृत्वसँगै मुलुकको कार्यकारी पद आवश्यक रहन्छ । जुन पदमा पुग्ने छनक देखिएसँगै एकथरी 'गगन' बूढानीलकण्ठ देउवाको शरणमा पुगिसक्यो भन्छन् भने अर्काथरी 'बूढानीलकण्ठ' छिर्न दिनै हुँदैन भन्दै हूल बाँधेर पुग्दछन् ! तर, गगन भने बूढानीलकण्ठको यो चक्कर छाडेर देशको मुहार फेर्न 'दरबार' नभई कार्यकर्ता र जनताको बस्ती अर्थात् मैदानमा ओर्लन जरूरी छ । जुन मैदानले उनलाई जनताको छोरो पुग्न सक्ने उपल्लो तहमा पुऱ्याउने हैसियत राख्दछ ।

मुलुकलाई प्रयोगशाला बन्नबाट रोक्ने नेतृत्व आज नेपाललाई चाहिएको छ । तसर्थ, नेपाली कांग्रेसले आफ्नो आसन्न महाधिवेशनबाट नेतृत्व चयन गर्दा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । आज 'लोकरिझ्याइँ' गर्नेहरू आँगनमै प्रवेश गरि सके । लोकरिझ्याइँको राजनीति गर्नेहरूलाई जनताले समयमै चिन्न र जनतालाई समयमै चिनाउन सकिएन भने नेपाल पनि प्रयोगशाला बन्ने निश्चितप्राय: छ । लोकरिझ्याइँको राजनीति कस्तो हुन्छ भन्ने पछिल्लो उदाहरण दिल्लीमा केजरीवालले भोगेका छन् । त्यसका निम्ति जनतालाई भुलाएर सत्ता हत्याउन तयार दलका बारे जनतालाई बुझाइदिने 'गगन' हरू कमजोर बने भने नेपाल प्रयोगशाला बन्नबाट कसैले रोक्न सक्दैन । गगन रोक्नै पर्छ र हामी मध्येबाटै नेता हुनुपर्छ भन्दै बूढानीलकण्ठ दरबारको 'भारदारी सभा' मा पुग्नुभएका मध्ये कोही कसैलाई यसको हेक्का छ र यी हरफहरू पढ्नुभयो भने सार्वजनिक रूपमै जवाफ अपेक्षाकृत छ ।

कम्तीमा नेतृत्वमा पुग्ने विषय भनेको नेतृत्वका आकांक्षी मध्येबाटै 'पार्टी र देशको रूपान्तरणको मार्गचित्र' कार्यकर्ता बीच प्रस्तुत गरेर उक्त 'मार्गचित्र' का आधारमा आफ्नो नेता छान्ने अधिकार कार्यकर्तालाई छाड्नु हो । तर, कांग्रेसमा भने यतिबेला भारदार जम्मा भई कोही कसैलाई रोक्ने विषयमै घनीभूत छलफल चलिरहेछ ! कांग्रेस यतिबेला वरीयता विवाद, आफैंले आयोजना गरेका कार्यक्रममा मलाई किन बोलाइएन भन्ने जस्ता आफैंभित्रका स-साना विषय गुनासोका रूपमा सार्वजनिक गर्दै दिन कटाइरहेछ । हुँदाहुँदा पार्टीका निर्वाचित महामन्त्रीलाई पार्टी सभापतिको निवासमा किन आउन दिएको भन्नेसम्मका मलिन स्वर समेत भारदारी सभामा सुनिए ! केपी ओली नेतृत्वको सरकार निर्माण गर्दा गरिएको हस्ताक्षरमा उल्लेख संविधान संशोधनको एजेण्डा, सांसद रामहरि खतिवडा नेतृत्वको समितिमै 'होल्ड' अख्तियार सम्बन्धी विधेयकमा, सरकारमा सामेल कांग्रेस मन्त्रीहरूको कार्यक्षमता, समग्र सरकारका बारे समीक्षा, अध्यादेशबारे गम्भीर समीक्षा आदिमा कांग्रेस अन्योल रहँदै '२०८४' उन्मुख छ मुलुक ।

एक्लै चुनाव लडेर बहुमतको सरकार निर्माण गरी 'राजनीतिक स्थिरता' दिँदै मुलुककै अभिभावकीय शक्तिमा रूपान्तरण हुनुपर्ने कांग्रेस यतिबेला टोलैपिच्छे गुट नामको 'दोकान' खोल्नमै व्यस्त छ । गल्ली गल्लीमा सम्पर्क कार्यालय खोलेर महाधिवेशनको ग्यारेण्टी नहुँदै भोट माग्ने 'हाँडीगाउँको जात्रा' को अर्को नाम भएको छ कांग्रेस ! 'आफू गर्न पनि नसक्ने, सक्नेलाई गर्न पनि नदिने' गम्भीर प्रकृतिको सपनाबाट जुन दिनसम्म कांग्रेस बिउँझिन सक्दैन, तबसम्म अब 'लोकरिझ्याइँ' वाला नै बलियो बन्ने हो ।

*(साभार: अनलाइनखबर)*

# उता एमसीसी रोक्ने निर्णय, यता १० कम्पनीको बोलपत्र पेस

काठमाडौं/अमेरिकी सरकारले एमसिसीको अनुदान रोक्ने निर्णय गर्दैगर्दा यता नेपालमा १० कम्पनीले प्रसारण लाइन परियोजना निर्माणका लागि बोलपत्र पेस गरेका छन् । अमेरिकी सहायता नियोग मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी)को अनुदान तथा नेपाल सरकारको लगानीमा निर्माण हुने कुल २ सय ९७ किलोमिटर ४०० केभी प्रसारण लाइनलाई तीन लटमा विभाजन गरी बोलपत्र आह्वान भएकोमा १० कम्पनीले निवेदन दिएको एक निर्माण कम्पनीका प्रतिनिधिले संचारकर्मीलाई जानकारी दिए ।




एमसीसीले थप दायित्व सिर्जना हुने गतिविधि नगर्न नेपाल सरकारलाई सूचित गरे पनि एमसीए नेपालले भने आएका बोलपत्रहरू खोलेको ती प्रतिनिधिले बताए । दुई वर्षअघि नै कुल ३१५ किलोमिटर प्रसारण लाइन निर्माणका लागि बोलपत्र आह्वान भएको थियो । कम्पनीहरूले गरेको न्यूनतम कबोल नै लागत अनुमानको तुलनामा ६० प्रतिशत महँगो भएपछि टेन्डर प्रक्रिया पूर्ण रुपमा रद्द भएको थियो ।

त्यसमध्ये न्यू बुटवलदेखि नेपाल भारत सीमासम्मको १८ किलोमिटर प्रसारण लाइनको ठेक्का सम्झौता भइसकेको छ । बाँकी २ सय ९७ किलोमिटर प्रसारण लाइन निर्माणका लागि गत २७ नोभेम्बरमा बोलपत्र आह्वान भएको थियो । बोलपत्र हाल्ने म्याद बुधबार (१९ फेब्रुअरी) दिउँसो २ बजेसम्म तोकिएको थियो । त्यस अवधिमा १० कम्पनीले आवेदन दिएको आवेदन दिएकामध्ये एक निर्माण कम्पनीका प्रतिनिधिले जानकारी दिएका हुन् ।

२ फागुनमा एमसीसीले नेपाल सरकारलाई इमेल पठाउँदै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको २० जनवरीको कार्यकारी आदेश कार्यान्वयनका क्रममा तीन महिनाका लागि एमसीसीलाई भुक्तानीलगायत थप दायित्व सृजना हुने कुनै गतिविधि नगर्न भनेको छ । यसले एमसीसी परियोजनाको भविष्य अन्योलमा छ । तर, यसअघि नै टेन्डर आह्वान भएकोमा कम्पनीहरूले दिएको आवेदन भने एमसीए नेपालले स्वीकृत गरेको छ । नयाँ परि स्थितिमा टेन्डर प्रक्रिया कसरी अघि बढ्छ भनी संचारकर्मीले एमसीए नेपाललाई जिज्ञासा राखेको छ । यो समाचार तयार पारे बेलासम्म जवाफ प्राप्त भएको छैन । एमसीए नेपालले २ सय ९७ किलोमिटर प्रसारण लाइनलाई तीन लटमा विभाजन गरेको छ । पहिलो लटमा लप्सीफेदी सबस्टेसनदेखि रातमाटे सबस्टेसनसम्मलाई राखिएको छ । यही लटमा रातमाटे सबस्टेसनदेखि न्यू हेटौंडा सबस्टेसन निर्माणलाई पनि समावेश गरिएको छ ।

यो लटको प्रसारण लाइन निर्माणका लागि चारवटा कम्पनीहरू इच्छुक देखिएका छन् । तर, कुनकुन कम्पनीले बोलपत्र हालेको भन्नेबारे एमसीए नेपालले खुलाएको छैन । त्यस्तै, दोस्रो लटमा रातमाटे सबस्टेसनदेखि न्यू दमौली सबस्टेसनसम्मको प्रसारण लाइन निर्माण गर्नुपर्ने छ । यो खण्डको निर्माणका लागि तीनवटा कम्पनीले बोलपत्र हालेको स्रोतले बतायो ।

त्यस्तै, तेस्रो लटमा रहेको न्यू दमौलीदेखि न्यू बुटवल सबस्टेसनसम्मको प्रसारण लाइन निर्माणका लागि पनि तीनवटा कम्पनी नै ईच्छुक देखिएको स्रोतले बतायो । एमसीसीले प्रसारण लाइनको पुरानो ठेक्का रद्द गरेपछि डिजाइन परिवर्तन तथा लागत घटाउने अन्य उपाय अपनाएर नयाँ बोलपत्र आह्वान गरेको हो । यसपटक आह्वान भएको बोलपत्र पनि लागतकै कारण पुन: रद्द गर्नु नपरोस र एमसीए नेपालले समयमै ठेक्का सम्झौता गरी थप विलम्बबिना परियोजना कार्यान्वयन अघि बढाउन सकोस् भनेर ५ करोड अमेरिकी डलर अनुदान बढाउने निर्णय अमेरिकी कंग्रेसले हालै गरेको छ ।

यसअघि प्रसारण लाइन निर्माणमा २३ करोड ४५ लाख अमेरिकी डलर लागत अनुमान गरि एकोमा त्यसमा ५ करोड डलर थपेपछि त्यो २८ करोड ४५ लाख डलर (करिब ३९ अर्ब रुपैयाँ) पुग्नेछ । त्यस्तै, सबस्टेसन निर्माणमा ९ करोड ९० लाख (करिब साढे १३ अर्ब रुपैयाँ) र सडक मर्मतसम्भारमा ५ करोड २३ लाख डलर (७ अर्ब १६ करोड रुपैयाँ) खर्च हुने अनुमान गरिएको छ । एमसीसी अनुदान परियोजना कार्यान्वयनका लागि नेपाल सरकारले सुरुमा १३ करोड अमेरिकी डलर योगदान गर्ने सम्झौता भएको थियो । तर, एमसीसी परियोजनाको लागत बढ्ने भएपछि नेपालले २०२३ मे मा थप ६ करोड ७० लाख डलर लगानी बढाउने प्रतिबद्धता गरिसकेको छ । यसरी नेपालले गर्ने कुल योगदान रकम १९ करोड ७० लाख डलर भएको छ ।

एमसीसी र नेपाल सरकारको संयुक्त लगानीमा ३ सय १५ किलोमिटर लामो ४ सय केभी क्षमताको प्रसारण लाइन, ४ सय केभीकै तीनवटा सबस्टेसन तथा दाङको भालुवाङदेखि बाँकेको शिवखोलासम्म ७७ किलोमिटर सडक स्तरोन्नति गर्ने तीन परियोजना निर्माण हुनेछन् । सडक मर्मत आयोजनातर्फ फूल डेप्थ रिक्लेमेसन प्रविधि अपनाइने बताइएको छ, जसको टेन्डर आह्वान भएको छैन ।

एमसीसीको मुख्यालयले नेपालको परियोजनालाई निरन्तता दिनका लागि डोनाल्ड ट्रम्प प्रशासनसमक्ष निवेदन हाल्ने भएको छ । गत २० जनवरीमा राष्ट्रपति ट्रम्पले वैदेशिक सहायताको पुनर्मूल्यांकन तथा पुन:संरचना सम्बन्धी कार्यकारी आदेश जारी गर्दै सम्पूर्ण वैदेशिक सहायतालाई तीन महिनाका लागि अस्थायी रुपमा रोकेका थिए । अमेरिकाले दिँदै आएको वैदेशिक सहायता उसको विदेश नीतिसँग मिल्दो छ कि छैन र कार्यक्रमगत दक्षतामा आधारित छ कि छैन भन्ने कुरा समीक्षाका लागि भन्दै ट्रम्पले ९० दिनका लागि यस्तो सहयोगलाई रोकेका थिए ।

एमसीसीले नेपाल लगायत ८ ठूला परियोजनालाई निरन्तरता दिनका लागि विदेश मन्त्रालयमा निवेदन दिने तयारी गरेको न्यूयोर्क टाइम्सले उल्लेख गरेको छ । नाम खुलाउन नचाहने एमसीसीका एक उच्च अधिकारीलाई उद्धृत गर्दै न्यूयोर्क टाइम्सले यस्तो जनाएको हो । नेपालमा एमसीसी परियोजाना रोकिएको खण्डमा नेपालमा उत्पादित बिजुली भारत निर्यातका लागि निर्माणधीन क्रसबोर्डर प्रसारण लाइनको निर्माण प्रभावित हुने जनाएको छ । नेपालमा सबस्टेसन तथा १८ किलोमिटर प्रसारण लाइनको ठेक्का सम्झौता भइसकेको छ ।

'यस्तो अवस्थामा त्यो तोडिँदा नेपालमा ठूला जलविद्युत् परियोजनाहरू पनि प्रभावित हुन्छन्,' एमसीसी कम्प्याक्ट संसदबाट अनुमोदन गर्ने क्रममा काम गरेका अधिवक्ता सेमन्त दाहाललाई उद्धृत गर्दै न्यूयोर्क टाइम्सले लेखेको छ । एमसीसी परियोजना कार्यान्वयनका क्रममा नेपालले भारतसँग भारतसँग विद्युत् प्रसारण सम्झौतासमेत गरेको छ । नेपालले पालना नगरेमा ठूलो दायित्व बहन गर्नुपर्ने स्थिति आउन सक्ने कुरा एक अमेरिकी अधिकारीलाई उद्धृत गर्दै उसले उल्लेख गरेको छ ।

२९ भदौ २०७४ मा अमेरिकासँग नेपालको एमसीसी कम्प्याक्ट हुँदा डोनाल्ड ट्रम्प नै राष्ट्रपति थिए । एमसीसी कम्प्याक्ट नेपालको संसदबाट पारित हुनुपर्ने भएपछि त्यसलाई संसदमा लगियो । तर, नेपालमा सो कम्प्याक्टको विरुद्धमा ठूलो विरोध भएको थियो । नेपालका राजनीतिक दलहरुले व्याख्यात्मक टिप्पणी लेखेर त्यसलाई पनि एमसीसी कम्प्याक्टकै अंग हुने गरी १५ फागुन २०७८ मा यसलाई अनुमोदन गरेका थिए ।

नेपालमा एमसीसी पारित हुने कि नहुने भन्ने बहस चलिरहेका बेला एकपटक आर्थिक वर्ष ०७७/७८ मा पनि एमसीसीले नेपाललाई पत्र लेखी उसको अनुदानबाट दायित्व सृजना नगर्न भनेको थियो । त्यसबेला करिब एक वर्ष एमसीए नेपालका गतिविधि नेपालकै बजेटबाट मात्रै सञ्चालन भएका थिए । एमसीसी कम्प्याक्टलाई नेपालको संसद्ले अनुमोदन गरेपछि पुन: उसको अनुदानको खर्च सुचारु भएको थियो । ५ वर्षमा निर्माण सम्पन्न हुनैपर्ने, नभए अमेरिकी अनुदान फिर्ता जाने प्रकृतिको एमसीए परियोजना गत वर्षको १३ भदौ २०८० बाट कार्यान्वयनमा गएको थियो । परियोजना कार्यान्वयन अर्थात् इन्ट्री इन्टु फोर्समा गएको मितिदेखि उल्टोगन्ती सुरु हुन्छ र पाँच वर्षको अवधिमा खर्च नभएको रकम अमेरिकाले फिर्ता लैजाने प्रावधान छ । त्यसअनुसार अब ३ वर्ष ६ महिना ९ दिनभित्र परियोजना सम्पन्न भइसक्नुपर्छ । एमसीसीको ५५ करोड अनुदान प्रतिबद्धतामध्ये सन् २०२३ र २०२४ मा गरेर ४७ करोड १३ लाख डलर (करिब ६६ अर्ब रुपैयाँ)को दायित्व सृजना भइसकेको अमेरिकाको फरेन असिस्टेन्स डट जीओभीले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# जलनको उपचार अभावमा बढ्दै मृत्युदर

काठमाडौं/काठमाडौं उपत्यकाभित्र र बाहिरका अधिकांश जलनका बिरामीहरू सोझै या रेफर भएर पुग्ने अस्पतालमध्ये एक हो कीर्तिपुर अस्पताल । किनकि, जलनको सामान्य उपचारका लागि देशभरका बिरामी काठमाडौं नै आइपुग्नुपर्ने बाध्यता छ । तर, कीर्तिपुर अस्पतालमा उपत्यकाका ८ प्रतिशत र काठमाडौं बाहिरका ९२ प्रतिशत जलनका बिरामी आउने गरेको तथ्यांकले देखाउँछ । बढी जलनका घटना मधेश प्रदेशमा हुने गरेको छ । तथ्यांकहरूले देखाउँछन्– जलनमा पर्ने धेरैजसो बिरामी दूर दराज र विपन्न वर्गका हुन्छन् । विज्ञका अनुसार जटिल जलन भएकामध्ये झन्डै ६० प्रतिशत बिरामीको बाटोमै मृत्यु हुन्छ । जसको प्रमुख कारण नै प्राथमिक उपचार नपाउनु हो ।




### बिरामीलाई पानी न प्राथमिक उपचार

सरकारले जलनका घाइतेहरूलाई नै उपचार गर्ने भनेर अस्पताल बनाएको छैन । सबैखाले उपचार हुने ठूला अस्पतालमा ५ देखि १० वेडको जलन उपचार विभाग तोकिए पनि दक्ष जनशक्ति नहुँदा काठमाडौं नै रेफर गर्ने अभ्यास छ । कीर्तिपुर अस्पतालका वरिष्ठ प्लाष्टिक सर्जन डा. शकरमान राई भन्छन्, 'जलेका बिरामीले प्राथमिक उपचार नै पाइरहेका छैनन् । जसका कारण बाटोमै मृत्यु भइरहेको हुन्छ ।' राईका अनुसार जलेका बिरामीलाई महत्वपूर्ण उपचार भनेकै बढीभन्दा बढी पानी दिनु हो । बिरामीको पिसाब सफा नहुन्जेलसम्म प्रशस्त पानी पिलाउनुपर्छ ।

अस्पताल पुऱ्याउन धेरै बिरामीलाई एम्बुलेन्सको प्रयोग गरिएता पनि पर्याप्त स्वास्थ्य सावधानी भने अपाइएको पाइँदैन । विज्ञहरूका अनुसार गम्भीर जलन भएका बिरामीलाई स्वास्थ्यकर्मीको निगरानीमा प्राथमिक उपचार गर्दै ल्याउनुपर्ने हुन्छ । 'गम्भीर जलन भएका बिरामीलाई पहिलो २४ घन्टा नसा वा मुखबाट पानी दिनुपर्ने हुन्छ,' डा. राईले संचारकर्मीसँग भने, 'त्यससमयमा बिरामीले प्रशस्त पानी नपाउने हो भने बचाउन सकिँदैन ।'

जलनका बिरामीलाई सुरुको २४ घण्टामा सादा पानी र स्लाइन मार्फत कम्तीमा १०/१५ लिटर पानी दिनुपर्ने हुन्छ । तर जलन भएको लामो समय शरीर सुख्खा रहँदा मुटु, मस्तिष्क तथा अन्य संवेदनशील अंगमा असर गर्छ । डा. राईले अनुभव भन्छन्, 'विकट ठाउँबाट आउने अधिकांश बिरामी पानीबिनै अस्पताल आइपुगेका हुन्छन् ।

एम्बुलेन्समा स्वास्थ्यकर्मी हुँदैनन् । घरपरिवारका सदस्यलाई पानी खुवाउनुपर्छ भन्ने ज्ञान समेत नहुँदा अधिकांश बिरामीको बाटोमै मृत्यु हुन्छ ।' बिरामीलाई स्लाइन पानी नदिँदा आगो लगायतका तापयुक्त पदार्थले पोलेको भागबाट शरीरलाई चाहिने तरल पदार्थ नाश हुँदै जान्छ, जसले छालाको बाहिरी तह हुँदै भित्रसम्म सुख्खा हुन पुग्छ र बिरामी जटिल अवस्थामा पुगी मृत्यु नै हुन्छ । वीर अस्पतालका वरिष्ठ प्लाष्टिक सर्जन डा. पियूष दाहाल पनि प्राथमिक उपचारमा त्रुटि हुँदा बिरामीको मृत्युदर बढ्दै गएको बताउँछन् ।

### काठमाडौं आउनैपर्ने बाध्यता

जलनका बिरामीको अब काठमाडौं आउनैपर्ने बाध्यता सरकारले अन्त्य गर्नुपर्ने बताउँछन् डा. दाहाल । 'उचित समयमा प्राथमिक उपचार पाउनसके जलनका बिरामी बच्ने सम्भावना अधिक हुन्छ' उनी भन्छन्, 'छिटो अस्पताल आउने चक्करमा आधारभूत सेवा नै पाइरहेका हुँदैनन् ।' डा. दाहाल अगाडि थपे, 'अब स्वास्थ्य सेवा विकेन्द्रीकरण गर्नुपर्छ, काठमाडौं केन्द्रित कुनै पनि नीति बनाउन हुँदैन । जलनका उपचार उपत्यका बाहिरका ठूला तथा प्रादेशिक अस्पताल समेत हुनपर्छ ।'

सुषमा कोइराला मेमोरियल अस्पतालका मेडिकल डाइरेक्टर सन्तोषविक्रम भण्डारीका अनुसार, जलन भएको २४ घन्टाभित्र राम्रो प्राथमिक उपचार हुनुपर्छ । तर, विकट ठाउँबाट बिरामीलाई अस्पताल ल्याउँदा ल्याउँदै दुई–तीन दिन बित्छ । अधिकांश बिरामीको राम्रो प्राथमिक उपचार नपाएरै मृत्युको सम्भावना बढ्ने उनी बताउँछन् । 'अस्पताल पनि काठमाडौंमा मात्र भएकाले अधिकांश बिरामी उपचारबाट वञ्चित छन्' डा. भण्डारी भन्छन्, 'जलेकामध्ये पनि अस्पताल आइपुग्ने ३-४ प्रतिशतमात्र हुन्, बाँकी बिरामी उपचार नपाएर अपाङ्गता वा दाग लिएर बस्नुपर्ने बाध्यता छ ।'

विकसित देशको तुलनामा नेपालमा जलनका बिरामी मृत्युदर अधिक छ । विकसित देशमा जलन भएकामध्ये ३ प्रतिशतसम्म बिरामीको मृत्यु हुन्छ । तर नेपालमा १५ प्रतिशतको हाराहारीमा मृत्यु हुने गरेको छ । ठूलो घाउमा हुने संक्रमण, ढिलो अस्पताल आइपुग्नु, पर्याप्त मात्रामा छाला उपलब्ध नहुनु, बिरामीले प्राथमिक उपचार नै नपाउनु जस्ता कारणले नेपालमा जलनका बिरामीको मृत्यु अन्य देशको तुलनामा बढी रहेको चिकित्सक बताउँछन् ।

### "राजमार्गमा जलन उपचार केन्द्र सञ्चालन गर्नुपर्छ"

विज्ञका अनुसार जलन भएका बिरामीको मृत्युदर कम गर्ने प्रमुख उपाय नै प्राथमिक उपचार सुनिश्चित गर्नु हो । डा. राईका अनुसार राजमार्गका स्वास्थ्य संस्थामा प्राथमिक उपचार केन्द्र बनाउनुपर्छ । उक्त केन्द्रबाट प्राथमिक सेवा दिँदा बिरामीको स्वास्थ्य जटिल हुन पाउँदैन । 'हामी सबैको मानसिकता ठूलो अस्पतालमा चाँडै पुर्‍याउने भन्ने हुन्छ । तर जलनका बिरामीलाई प्राथमिक उपचारसँगै २४ घन्टासम्म पानी दिएर पठाउने हो भने पनि बिरामी स्वास्थ्य जटिल बन्दैन' डा. राई भन्छन्, 'तर हामीकहाँ यस्तो प्रचलन छैन ।' नेपालभरका सबै स्वास्थ्य संस्थामा जलन उपचार केन्द्र सञ्चालन गर्न सम्भव नभएकाले अहिले राजमार्गमा २ घन्टाको दूरीमा केन्द्र बनाउँदै लैजानुपर्ने विज्ञ बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# शिल्पा बनिन् 'ओशो सन्यासी', पाइन् 'माँ प्रेम हाँस्या' नाम



काठमाडौं/लामो समयदेखि चलिरहेको पूर्वपति छविराज ओझासँगको मानाचामलको मुद्दा किनारा लागेसँगै अभिनेत्री शिल्पा पोखरेल 'ओशो सन्यासी' बनेकी छन् । उनले काठमाडौंको नागार्जुनस्थित ओशो तपोवनमा आनन्द अरुणबाट 'नवसन्न्यास दीक्षा' ग्रहण गरेकी हुन् । सन्न्यास धारण गर्नुअघि उनले तपोवनमा १० दिनसम्म ध्यान गरेकी थिइन् । उनले नयाँ नाम समेत पाएकी छन्, 'माँ प्रेम हाँस्या' ।

शिल्पा 'ओशो सन्यासी' बनेको जानकारी अभिनेत्रीबाट सन्यासी बनेकी शोभिता सिंखडाले फेसबुकमार्फत गराएकी हुन् । उनले 'ओशो परिवारमा स्वागत छ' भन्दै सेअर गरेको तस्वीर र भिडियोमा शिल्पा सेतो पहिरनमा देखिएकी छन् भने गलामा ओशोको तस्वीर अंकित लकेटसहितको माला छ । तस्वीरमा उनलाई खुसी भावमा देख्न सकिन्छ ।

करिब ६ महिनाअघि शिल्पा र छविबीचको डिभोर्सको मुद्धा किनारा लागेको थियो । उनले सम्पत्तिको रुपमा पूर्वपति ओझाबाट ५ आनामा बनेको काठमाडौंको गौरीघाटमा रहेको घर लिएकी छन् । जग्गासहित उक्त घरको मूल्य ५ करोडमाथि रहेको जानकारी प्राप्त छ । उनले खन्डहरजस्तो घरलाई आफूले ४० लाख खर्च गरेर मर्मतसम्भार गरेको एक अन्तर्वार्तामा बताएकी छन् ।

म्यूजिक भिडियो हुँदै शिल्पाले छवि ओझाको निर्माणमा बनेको फिल्म 'लज्जा'बाट अभिनेत्रीको रुपमा डेब्यु गरेकी थिइन् । यसपछि 'हवल्दार सुन्तली', 'मंगलम', 'फागु', 'विरांगना', 'वृन्दावन', 'किस्मत २' जस्ता फिल्ममा काम गरेकी उनले 'जय शम्भो', 'प्रेमगीत २' र 'वान म्यान आर्मी' गरी तीनवटा भोजपुरी फिल्म पनि गरिसकेकी छन् । उनको नयाँ नेपाली फिल्म 'आर्या' प्रदर्शनको पखाईमा छ ।

# किन सेन्सरमा रोकियो 'ताण्डवम्' ?

काठमाडौं/यही शुक्रबार (फागुन ९ गते)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'ताण्डवम्'लाई केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)ले प्रदर्शन अनुमति दिन अस्वीकार गरेको छ । फिल्ममा समावेश हिंसाका दृश्यप्रति आपत्ति जनाउँदै सेन्सर बोर्डले फिल्म रोकेको हो । फिल्मका केही हिंसात्मक दृश्यहरु हटाएर ल्याउन बोर्डले निर्देशन दिएको छ । मंगलबार बेलुका फिल्मको जाँच गरिएको थियो ।



सेन्सर बोर्डले फिल्ममा धेरै हिंसात्मक दृश्य भएको भन्दै ती दृश्य काटेर ल्याउन भनेको निर्देशक जुनिम गहतराजले जानकारी दिए । तर, बोर्डले भनेका दृश्य काट्दा फिल्मको मर्म मर्ने उनको भनाइ छ । 'दृश्य काँटछाँट नगरी 'एडल्ट सर्टिफिकेट' दिनका लागि आग्रह गर्दा पनि सेन्सरमा अस्वीकार गरियो,' उनले गुनासो गरे ।

सेन्सरमा फिल्म रोकिए पछि बुधबारका लागि तय भएको प्रिमियर स्थगित गरिएको छ । सेन्सर बोर्डले भनेका दृश्यहरु काँटछाँट गरेर बिहीबार पुन: फिल्मको सेन्सर गर्ने तयारीमा निर्माण टिम छ । बिहीबार पनि बोर्डले जाँचपासको प्रमाणपत्र नदिएको अवस्थामा फिल्मको प्रदर्शन रोकिनेछ । सेन्सर पास नभएसम्म फिल्म प्रदर्शन गर्न नपाइने नियम छ ।

जुनिम गहतराज, सरिना मगर, अंकित खड्का, पुष्कर गुरुङ, प्रेम सुब्बा, अनोज पाण्डे लगायतको अभिनय रहेको 'ताण्डवम्'ले एक नवविवाहित जोडीले पहिलो सन्तानको स्वागतको तयारी गरिरहँदा उनीहरूको जीवनमा घट्ने अकल्पनीय घटनाले निम्त्याउने उतारचढावको कथालाई पेस गरेको छ । एक्सन–थ्रिलर जनरामा बनेको फिल्मको टिजर र ट्रेलरले दर्शकमाझ चर्चा पाइरहेको छ ।

# 'सेभेन डग्स'को रिमेकबाट हलिउड डेब्यु गर्दै सलमान खान

काठमाडौं/बलिउड सुपरस्टार सलमान खानले सन् २०२१ को अर्जेन्टिनी फिल्म 'सेभेन डग्स'को रिमेकमार्फत हलिउडमा डेब्यु गर्ने भएका छन् । उक्त फिल्मलाई रोड्रिगो गुरेरोले निर्देशन गरेका थिए ।



यो हलिउड फिल्मको छायांकन दुबईमा भैरहेको जनाइएको छ । छायांकन सेटबाट सलमानको फस्टलुक अनलाइनमा लिक भएको छ । विवरणअनुसार, सलमानले हालै दुबईमा एक दिनको लागि सुटिङ गरे जहाँ मुम्बईको धारावी बस्तीजस्तो विशाल सेट विशेष रूपमा निर्माण गरिएको छ ।

सलमानको भूमिकाबारे विस्तृत खुलाइएको त छैन तर, स्रोतका अनुसार फिल्ममा उनको विशेष भूमिका हुनेछ । फिल्मको आत्मीय र रोचक विषयलाई ध्यानमा राख्दै उनको चरित्रले कथावस्तुमा कस्तो योगदान पुऱ्याउँछ भन्ने कुरा चाखलाग्दो हुनेछ ।

यो फिल्मको साथमा सलमान प्रियंका चोपडा, दीपिका पादुकोण र अली फजलजस्ता हलिउडमा प्रवेश गर्ने भारतीय कलाकारको सूचीमा सामेल हुनेछन् । सलमानका भतिजा अयान अग्निहोत्री पनि आफ्नो नयाँ गीत सार्वजनिक गर्न दुबईमा छन् । अयानको म्युजिक लन्चमा उपस्थित हुँदा सलमानले 'सेभेन डग्स'को रिमेकमा विशेष भूमिका खेल्ने निर्णय गरेको स्रोतले खुलासा गरेको छ ।

सलमानको हलिउड डेब्यु पक्कै पनि फ्यानका लागि ठूलो पल हो । अहिले छायांकन चलिरहेकोले फ्यान उत्सुकतापूर्वक थप अपडेटको लागि पर्खिरहेका छन् । सलमान पछिल्लो पटक 'टाइगर ३' मा देखिएका थिए । उनी अर्को फिल्म 'सिकन्दर'मा देखिनेछन्, जुन ईदमा रिलिज हुने तयारीमा छ । फिल्ममा रश्मिका मन्दानाको समेत अभिनय छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पार्टीभित्र फरक विचार राख्नेलाई निरुत्साहित नगरौं

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ नेकपा एमालेको जनवर्गीय संगठन नेपाल बुद्धिजीवि परिषद् मकवानपुरको दशौं जिल्ला अधिवेशन बुधबार सम्पन्न भएको छ ।

परिषद्को केन्द्रीय महासचिव गजेन्द्र थपलियाको प्रमुख आतिथ्यता एवम् जिल्लाअध्यक्ष मोहनप्रसाद शर्माको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा सहभागीले जनवर्गीय संगठन बलियो भएमात्र पार्टी बलियो हुने बताएका थिए । एमालेले लिएको मिसन २०८४ लाई सफल पार्न जनवर्गीय संगठनको भूमिका महत्वपूर्ण हुने धारणा राखेका थिए ।




कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पसप्रमुख यम सिलवालले नेतृत्वमा बसेकाहरुमा नैतिकता नदेखिएको बताए । पेशा अनुसारको आयश्रोत छ कि छैन भन्ने, त्यसमा समीक्षा गर्नुपर्ने उनको भनाई छ । चुनावमा एउटा कुरा र पछि अर्को कुरा गर्ने परिपार्टीले पार्टीलाई घाटा हुने उनको बुझाई छ ।

त्यसैगरी नेपाल शिक्षक महासंघ हेटौंडा उपमहानगर कमिटीका अध्यक्ष दीपक अधिकारीले नेताहरुले आफ्नो कुरा मात्र भन्ने भन्दा पनि कार्यकर्ताको कुरा सुन्नुपर्ने बताए । विगतको चुनावमा पार्टीले जारी गरेको घोषणापत्रमा उल्लेखित कार्यक्रम कति पूरा भए ? त्यसमा विचार गर्नुपर्ने उनको भनाई छ । पछिल्लो समय जनताले संघीयता खर्चिलो भयो, बोझिलो भयो भन्ने गरेको भन्दै अध्यक्ष अधिकारीले वास्तविक रुपमै संघीयतालाई धान्न सकिन्छ कि सकिंदैन ? विश्लेषण गर्नुपर्ने बताए ।

पार्टीभित्र फरक विचार राख्नेलाई निरुत्साहित गर्ने प्रवृत्तिलाई अन्त्य गर्नुपर्नेमा उनको जोड छ । फरक विचारलाई निस्तेज गर्दा समाज, पार्टी र राष्ट्रको लागि नै हानिकरक हुने उनको भनाई छ । त्यसैगरी कार्यक्रमका अन्य वक्ताले युवाको विदेश पलायनलाई रोक्न नेताहरुले राजनीतिक वितृष्णालाई चिर्ने गरी काम गर्नुपर्ने बताए ।

त्यसैगरी कार्यक्रमका प्रमुखवक्ता नेकपा एमालेका केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज रामेश्वर रानाले पार्टीले लिएको मिसन २०८४ अभियानलाई सफल तुल्याउन जनवर्गीय संगठनको जिम्मेवारी महत्वपूर्ण हुने जिकिर गरे । समृद्ध नेपाल, सुखी नेपालको राष्ट्रिय आकांक्षा पूरा गर्न सबै ऐक्यबद्धता आवश्यक रहेको उनको भनाई छ ।


**परिषद् अध्यक्षमा घिमिरे**

नेपाल बुद्धिजीवी परिषद् मकवानपुरको अध्यक्षमा घनश्याम घिमिरे सर्वसम्मत चयन भएका छन् । बुधबार हेटौंडामा भएको परिषद्को १० औं अधिवेशनले घिमिरेको नेतृत्वमा २५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

अधिवेशनले परिषद्को उपाध्यक्षमा संगम चौलागाई, सचिवमा दीपक अधिकारी, सहसचिवमा काजिराम मोक्तान र समुन्द्र खनाल, कोषाध्यक्षमा राधिका शर्मालाई चयन गरेको छ । त्यसैगरी सदस्यमा रविन ढुंगाना, नवीन मिश्र, बिनय मिश्र, उद्दव सापकोटा, रमेशमोहन अधिकारी, संगीता पुडासैनी, रामचन्द्र फुँयाल, उत्तम उप्रेती, सुरेश रेग्मी, रामप्रसाद साह, टीकाप्रसाद कँडेल, सूर्यप्रसाद घिमिरे, कृष्णबहादुर श्रेष्ठ, शिवप्रसाद लामिछाने, रमिता चौलागाईं, देवराज कोइराला, प्रेम हमाल, प्रतिमा गौतम र शम्भुप्रसाद हुमागाईं चयन भएका छन् ।

बुद्धिजीवी परिषद् मकवानपुरका अध्यक्ष शर्माको अध्यक्षतामा अधिवेशन भएको थियो । अधिवेशनमा नेकपा एमाले मकवानपुरका उपसचिव आरती पाठक, पार्टी जनसंगठन प्रमुख सन्तोष पौडेललगायत परिषद्का प्रदेश तथा केन्द्रीय पदाधिकारीको सहभागिता रहेको थियो ।

# हेटौंडा ६ मा श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ हेटौंडा-६ मा रहेको शान्तिटोल टोलविकास संस्थाको आयोजनामा बुधबारदेखि श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ सुरु भएको छ ।

नेपाली कांग्रेस बागमती प्रदेशसभापति एवम् प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यता एवम् टोल विकास संस्थाका अध्यक्ष केशव धितालको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा बोल्दै प्रमुखअतिथि बानियाँले धर्मले सबैलाई सत्य र ठीकको बाटोमा हिड्न प्रोत्साहित गर्ने बताउँदै धर्मको आडमा राजनीति गर्न नहुने बताए । उनले धर्म संस्कृतिको जगेर्ना र विकास निमार्णमा महायज्ञले सहयोग गर्ने बताउँदै सबैलाई आफ्नो गच्छेअनुसार दान गर्न अनुरोध गरे ।

उनले आफू यसअघिदेखि नै शान्तिटोलको विकासमा जोडिइरहेको बताउँदै विपी गणेशमान स्मृति शान्ति पार्कमा निर्माण हुने राधाकृष्ण मन्दिर र ज्येष्ठनागरिक मिलन केन्द्र भवनलाई पनि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका उपमेयर राजेश बानियाँ, हेटौंडा-६ वडाअध्यक्ष विष्णुबहादुर दाहाल, हेटौंडा-७ का वडाअध्यक्ष दामोदर गौतम, नेकपा एमाले हेटौंडा-६ का वडाअध्यक्ष विश्वराज राई, कामधेनु बहुद्देश्यीय सहकारी संस्थाका अध्यक्ष उदय विडारी, सहयोगी मन नेपालका अध्यक्ष केदार प्रसाद चौलागाई, टोलविकास संस्थाका कोषाध्यक्ष पूर्णभद्र चौलागाईं लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा विभिन्न वडाका जनप्रतिनिधि, हेटौंडा-६ का राजनीतिक दल, संघसंस्था, सहकारी, टोलविकास, धार्मिक संघसंस्था लगायतका प्रमुख एवम् प्रतिनिधिको सहभागिता रहेको थियो । महायज्ञ उद्घाटनअघि शान्तिटोलबाट सुरु भएको कलशयात्रा बंशगोपाल मन्दिर पुगी पुन: महायज्ञस्थल आएको थियो ।

शान्तिटोलमा रहेको विपी गणेशमान स्मृति शान्ति पार्कमा राधाकृष्ण मन्दिर एवम् ज्येष्ठनागरिक भवन निर्माणका लागि फागुन ७ गतेदेखि १५ गतेसम्म सप्ताह ज्ञानमहायज्ञ आयोजना गरिएको आयोजकले जनाएको छ ।

# भौतिक विकासलाई मात्र विकास मान्न सकिंदैन: प्रथम मुख्यमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले भौतिक विकासलाई मात्र विकास मान्न नहुने बताएका छन् ।




हेटौंडा उपमहानगरपालिका-४ वडा कार्यालयको आयोजनामा भएको दोश्रो खेलकुद महोत्सवको पुरस्कार वितरण कार्यक्रममा बोल्दै उनले विद्यार्थीले शारीरिक, मानसिक, चिन्तनको विकास भएमात्र वास्तविक विकास हुने बताए । देशमा केही पनि हुँदैन, केही पनि गर्न सकिंदैन भन्ने गलत धारणाबाट अभिभावक पनि मुक्त हुनुपर्ने उनको भनाई छ । प्रथम मुख्यमन्त्री पौडलले किताब पढ्नु मात्र पढाई नभएको बताए । पढाईसँगसँगै त्यसबाट सिकेको कुरालाई पनि व्यवहारमा उतार्न उनले विद्यार्थीलाई आग्रह गरे ।

४ नं. वडाले विद्यार्थीको शारीरिक र मानसिक विकासको लागि गरेको गतिविधि अरु वडाको लागि पनि मागदर्शन भएको उनको भनाई छ । यस्ता गतिविधिलाई आगामी दिन पनि अगाडि बढाउन उनले वडाअध्यक्षलाई आग्रह गरे । यसैगरी ४ नं. वडाअध्यक्ष नविन सिग्देलले ठूला भौतिक संरचनामात्रले विकासलाई पूर्णता दिन नसकिने बताए । उनले शिक्षा र खेलकुदको माध्यमबाट विद्यार्थीको शारीरिक, बौद्धिक विकास गराउनु आजको आवश्यकता भएको बताए ।

विद्यार्थीका अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्न, विद्यालयबीच खेलकुद प्रतिस्पर्धा गराउन, खेलकुद प्रवर्द्धनका साथै शिक्षामा खेलकुद जोड्न प्रतियोगिता आयोजना गरिएको वडाअध्यक्ष सिग्देलको भनाई छ । माघ ९ गतेदेखि ४ नं. वडाले आयोजना गरेको फुटबल, भलिबल, क्रिकेट, दौड, वादविवाद, स्लो स्कुटी लगायतका २६ विधाका खेलकुदका बिजेतालाई पुरस्कार वितरण गरियो । गतवर्ष ४ नं. वडाले वडास्तरीय खेलकुद प्रतियोगिता आयोजना गरेको थियो ।

# अनुपम घलान स्मृति यू-१६ नगरस्तरीय फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ हेटौंडामा सुरु भएको पहिलो संस्करणको अनुपम घलान स्मृति यू-१६ नगर स्तरीय फुटबल प्रतियोगितामा हेटौंडाको ८ र १८ नम्बर वडाले विजययात्रा सुरु गरेका छन् ।

उद्घाटन खेलमा हेटौंडा-१८ ले ७ नम्बर वडालाई १-० गोलअन्तरले हराएको हो । पहिलो हाफको छैठौं मिनेटमा अनमोल मिजारले गरेको गोल नै १८ को जितमा निर्णायक बन्यो । उनी नै खेलको म्यान अफ द म्याच बने । दोस्रो खेलमा हेटौंडा १३ लाई टाइब्रेकरमा स्तब्ध बनाउँदै हेटौंडा ८ ले अघिल्लो चरणको यात्रा पक्का गरेको हो । निर्धारित समय एक/एक गोलको बराबरी भएपछि टाइब्रेकरमार्फत विजेताको टुंगो लगाइएको हो ।

खेलमा ८ ले नै सुरुवाती अग्रता लिएको थियो । ८ का शिशिर भण्डारीले दोस्रो हाफको आठौं मिनेटमा हेडमार्फत गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । दोस्रो हाफको २८ औं मिनेटमा १३ नम्बर वडा खेलमा फर्कियो । दाहिनेतर्फबाट आएको बललाई प्रितम थिङले गोलमा परिणत गरेका थिए । खेलको म्यान अफ द म्याच ८ नम्बरका गोलरक्षक प्रकाश परियार घोषित भए ।

प्रतियोगितामा नगरका १९ मध्ये १० वटा वडाको सहभागिता रहेको छ । नगर खेलकुद विकास समितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा प्रतियोगिता सुरु भएको हो । हेटौंडा-१२ निवासी अनुपम घलानको गत असोजमा एन्फा एकेडेमी सिस्नेरीको पहिरोमा परेर निधन भएको थियो । उनकै स्मृतिमा हेटौंडामा प्रत्येक वर्ष आयोजना गर्ने गरी प्रतियोगिता सुरु गरिएको हो । नगर खेलकुद विकास समितिका अध्यक्ष रबिन्द्र घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा अनुपमका पिता समेत रहेका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका कार्यबाहक मेयर राजेश बानियाँ, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तान, ५ नम्बर वडाअध्यक्ष सुशील घिमिरे, ६ नम्बर अध्यक्ष विष्णुबहादुर दाहाल, ८ नम्बर अध्यक्ष रामकृष्ण थापा, ९ का अध्यक्ष शुकराम केसी, ११ का अध्यक्ष जुना दाहाल, १५ का अध्यक्ष सुनिल मोक्तान, १८ का अध्यक्ष अनिल बानियाँ लगायतको आतिथ्यता रहेको थियो ।

हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा सुरु भएको प्रतियोगिताको विजेता टिमले एक लाख तथा उपविजेता टिमले ७० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । सर्वोत्कृष्ट खेलाडीले नगद १० हजार र अन्य विधागत उत्कृष्ट खेलाडीले जनही ५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ ।

# कैलाशमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ कैलाश गाउँपालिकामा बुधबारबाट पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु भएको छ । कैलाश गाउँपालिकाको आयोजना तथा खेलकुद विकास समितिको व्यवस्थापनमा प्रतियोगिता सुरु भएको हो । भवानी माध्यमिक विद्यालयको खेलमैदानमा दुईदिन सञ्चालन हुने प्रतियोगितामा ६ वटा माध्यमिक विद्यालयले सहभागिता जनाएका छन् ।

समितिका संयोजक मोहन वाईबाको सभाध्यक्षता तथा पालिका अध्यक्ष लोकबहादुर मोक्तानको प्रमुख आतिथ्यतामा प्रतियोगिता उद्घाटन गरिएको थियो । अध्यक्ष मोक्तानले स्वास्थ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद भन्ने नाराका साथ पहिलोपटक खेलकुद विकास समितिमार्फत प्रतियोगिता गरिएको बताए । गतवर्ष कैलाशले जिल्लास्तरीय प्रतियोगितामा स्वर्णपदक एक, रजतपदक तीन र कास्यपदक दुई जित्न सफल भएका र सोहीअनुरुप अहिले विजयी भएर जिल्लामा गई छात्रछात्राले विभिन्न पदक जित्न सफल हुनेछन् भन्ने विश्वास लिएको उनले बताए ।

प्रतियोगितामा तीन विधाका खेल खेलाईने जनाइएको छ । भलिबल, मार्सलआर्ट र एथ्लेटिक्स खेलबीच प्रतिस्पर्धा रहने छ । एथ्लेटिक्समा एक सय, दुई सय, चार सय र आठ सय मिटरको दौड, हाइजम्प, लमजम्प, सर्टपुट लगायत अन्य खेल रहेका छन् भने छात्रतर्फ भलिबल र कालिका माविर रत्नज्योति माविका विद्यार्थीबीच मार्सलआर्ट रहने समितिका सदस्यसचिव शिक्षाअधिकृत समीर जोशीले बताए ।

छनोट भएका विद्यार्थीलाई जिल्लामा खेल्न पठाइनुका साथै पदकको आधारमा विद्यालयलाई रष्ट्रपति रनिङशिल्ड प्रदान गरिने जोशीले बताए । प्रतियोगितामा कमलादेवी मावि कैलाश-२, भवानी मावि कैलाश-३, व्यास मावि कैलाश-६, धुवाङ मावि कैलाश-८, कालिका मावि कैलाश-९ र रत्नज्योति मावि कैलाश-१० का विद्यालयले सहभागिता जनाएको जोशीले बताए । विजेतालाई विहीबार एक कार्यक्रमकाबीच पुरस्कार प्रदान गरिनेछ ।

# हेटौंडा-१७ मा जारी महायज्ञ बुधबार समापन

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ हेटौंडा उपमहानगरपालिका-१७, ठूलोगंगटेस्थित अंगारेश्वर धार्मिक तथा पर्यटनस्थलमा जारी श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ बुधबार समापन भएको छ ।

१० फिट अग्लो महादेवको मूर्ति स्थापना गर्ने उद्देश्यले आयोजित महायज्ञको समापन कार्यक्रममा बागमती प्रदेश सरकारका पूर्वमन्त्री एवम् प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । प्रमुखअतिथि प्रदेशसभा सदस्य श्रेष्ठले अंगारेश्वर धार्मिक तथा पर्यटनस्थलको विकासका सबै प्रतिबद्ध बन्नुपर्ने बताए । स्थानीयस्तरमा रहेका यस्ता स्थानको संरक्षण, प्रवर्द्धन, र पूर्वाधार विकास गरी धार्मिक पर्यटनलाई अझ प्रभावकारी बनाउन सकिने उनको भनाई छ । प्रदेश सरकारको तर्फबाट यस्ता धार्मिक तथा सांस्कृतिकस्थलको विकासका लागि आवश्यक पहल गरिने उनले प्रतिबद्धता व्यक्त गरे ।

यस्तै कार्यक्रममा मधेश प्रदेश सरकारका प्रमुखसचिव मदन भुजेल, समाजसेवी कमल बिष्टले महायज्ञलेसमाजमा धार्मिक चेतना जगाउने, युवापुस्तालाई नैतिक आचरणमा स्थापित गर्ने, र सांस्कृतिक धरोहरको रक्षा गर्ने महत्वपूर्ण भूमिका खेल्ने बताए । महायज्ञमा करिब १३ लाख रुपैयाँ संकलन भएको महायज्ञ मूलसमारोह समितिका संयोजक कृष्णदेव भण्डारीले बताए । महायज्ञबाट संकलन भएको रकमबाट मन्दिर परिसरभित्र १० फिट अग्लो आधारस्तम्भमा १० फिट अग्लो महादेवको ध्यानावस्थाको मूर्ति स्थापना गर्ने, मन्दिर परिसरमा भएको सभाहललाई स्तरोन्नति गर्ने, मन्दिरको जग्गामा घेराबारा (पर्खाल) निर्माण गर्ने लक्ष्य रहेको आयोजकले जनाएको छ ।

# सुनुवार सेवा समाजको नेतृत्वमा अर्जुन

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ सुनुवार सेवा समाज मकवानपुरको प्रथम जिल्ला सम्मेलनले अर्जुनबहादुर सिकारी सुनुवारको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसहमत चयन गरेको छ ।

बुधबार हेटौंडामा भएको सम्मेलनले उपाध्यक्ष दीपक सुनुवार, सचिव रामबहादुर सिकारी सुनुवार, कोषाध्यक्ष नारायण सुनुवार, सहसचिव चन्द्रबहादुर सुनुवार, सदस्यहरुमा श्यामकुमार सिकारी सुनुवार, रबि सिकारी सुनुवार, लक्ष्मी सिकारी सुनुवार, सीता सुनुवार, प्रेमबहादुर सिकारी सुनुवार र नीता सिकारी सुनुवार रहेका छन् । त्यस्तै, उर्मिला सिकारी सुनुवार र ईश्वरीबहादुर सिकारी सुनुवारलाई सम्मेलनले सुनुवार सेवा समाजको प्रदेश तथा संघ प्रतिनिधि चयन गरेको छ ।

प्रथम जिल्ला सम्मेलनबाट निर्वाचित सबैलाई समाजका संघीय अध्यक्ष अमृतबहादुर सुनुवारले सपथग्रहण गराएका थिए । समाजका नवनिर्वाचित जिल्ला कार्यसमिति र प्रदेश तथा संघीय प्रतिनिधि, आजीवन सदस्यलाई सुनुवार सेवा समाजका संघीय अध्यक्ष अमृत, जिल्ला निर्वाचन समितिका संयोजक गोपालबहादुर सुनुवारलगायतले प्रमाणपत्र वितरण गरेका थिए ।

कार्यक्रम समाजका संघीय अध्यक्ष अमृतको प्रमुख आतिथ्य तथा समाज तदर्थ समिति मकवानपुरका अध्यक्ष अर्जुनको सभाध्यक्षतामा भएको थियो ।

# संकटालाई हराउँदै एपीएफ बागमती गोल्डकपको सेमिफाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

बुधबार बागमती-४ स्थित सहिदस्मृति रंगशालामा भएको तेस्रो क्वाटरफाइनल खेलमा संकटा क्लबलाई १-० गोलअन्तरले हराउँदै एपीएफ प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो । एपीएफलाई जीत दिलाउन सुजनकुमार पुलामीले ८३ औं मिनेटमा निर्णायक गोल गरे । पुलामी खेलको ८१ औं मिनेटमा अनिष महर्जनको स्थानमा मैदानप्रवेश गरेको थियो । खेलको म्यान अफ द म्याच एपीएफका मणिकुमार लामा घोषित भए । उनले १० हजार रुपैयाँ नगद प्राप्त गरे ।

यसअघि एपीएफ भरतपुर एफसीलाई हराउँदै क्वाटरफाइनलमा प्रवेश गरेको हो भने संकटा भने बाई पाएर सीधै क्वाटरफाइनलमा स्थान पाएको हो । गोल्डकपमा संकटा र एपीएफ यसअघिका संस्करणको उपविजेता टोली हो । एपीएफ छैठौं संस्करणमा मछिन्द्र क्लबसँग पराजित हुँदै उपविजेता बनेको थियो भने संकटा पाचौं संस्करणमा क्यामरुनको भुटनिज स्पोर्ट्ससँग पराजित हुँदै उपविजेता बनेको थियो ।

आगामी फाल्गुन १२ गतेसम्म संचालन हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले ५ लाख प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार, प्रत्येक खेलका म्यान अफ दी म्याचलाई १० हजार रुपैंयाँ सहित शिल्ड प्रदान गरिने आयोजकले जनाएको छ ।

**सटर भाडामा**

हेटौंडा-१०, सुमार्गी कम्प्लेक्स अगाडि मेनरोडमा १ वटा सटर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८५१०४०५३५**

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना